

शहीद हिरालाल गौतमको सम्मान

निजगढको शान, निजगढको पहिचान


निजगढ-८ बारा, फोन नं. : ०५३-५४०४०१

बारा जि. प्र का द. नं. ६३/०७२/०७३, आ.रा.का. सिमरा स्थायी लेखा नं. ६०५५७२०९२

स्थानीय 'ख' वर्ग

# निजगढसमाचार साप्ताहिक

ONLINE KHABAR.COM अहिलेको न्यूज अहिले

वर्ष–०६, अंक–३१◆ २०७८ फागुन १७ गते मंगलबार, Tuesday, Mar. 01 , 2022 ◆मूल्य- ५, पृष्ठ-८

Facebook.com/nijgadhsamachar


### क्रियाशिल साकोसद्वारा
## व्यवस्थापन तालिम सञ्चालन



**निजगढसमाचार**, बारा

निजगढ बाराको निजगढ वडा नं. १२ कोलगाउँस्थित क्रियाशिल बचत तथा ऋण सहकारी संस्था लि.ले एक दिवसीय व्यवस्थापन तालिम आयोजना गरेको छ।

श्री सरस्वती आधारभुत विद्यालय भवनमा आयोजित तालिमको बारा जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष सतेन्द्र ठाकुरले उद्घाटन गरेका छन्।

संस्थाका अध्यक्ष ईद्रलाल श्रेष्ठको अध्यक्षता भएको उद्घाटन कार्यक्रममा निजगढ नगरपालिका वडानं. १२ का वडा अध्यक्ष ज्ञानबहादु गोले, सरस्वती आधारभुत विद्यालयको

-बाँकी पृष्ठ ७ मा

## सुनाखरी सानाकिसान कृषिसकोस द्वारा पशुपालन तालिम





**निजगढसमाचार**, बारा

बाराको निजगढ–११ रतनपुरीस्थित सुनाखरी साना किसान कृषि सहकारी संस्थाले अर्न्तकृया कार्यक्रम गरेको छ।

संस्थाले पशुपालन तालिम सुनाखरी सानाकिसान कृषि सहकारी संस्था लि.को र ग्रामीण उद्यम तथा आयोजना (समृद्धि) वित्तीय व्यवसायिक तालिम आयोजनामा दुई दिने कृषक स्तरीय पशुपालन तथा उपचार सम्बन्धी अन्तरक्रिया तालिम सम्पन्न भएको छ।

निजगढ वडा नं. ११ स्थित रतनपुरमा सुनाखरी सानाकिसान कृषि सहकारी संस्था लि.को अध्यक्ष शान्तबहादुर दाहाल (सगार)को अध्यक्षतामा कार्यक्रम उद्घाटन भएका थिए।

तलिम तथा प्रशिक्षण प्रशिक्षक केशव तिमल्सिना, खुशनन्दन कुवँर, रच्ना लामाले दिएका थिए।

तलिममा गाई, भैंसी, बाख्रा, बंगुर पालनमा देखिएका मुख्य रोग अन्तरिक र बाह्रय परजिवीहरुको नियन्त्रण विधि प्रशिक्षण दिएका थिए।

यो कार्यक्रम अगामी दिनमा साविक रतापुरी गा.वि.स. अन्तरगत ९ वटै वडा जस्तै लाल, डम्बरपुर, भक्तलाल, कोलगाउँ, राम थाली, बुङ्जोर लगायत स्थानहरुका फुर्सदको समय मिलाएर शुक्रबार र शनिबारलाई पारेर कार्यक्रम संचालन गर्ने अध्यक्ष दाहालले जानकारी दिए।







साङ्गे सेङ्बा रिमठिमरी, ल्होछार सोङ्गे धिमधिमरी।

माने छ्योर्तन सेङ्थानो लुङ्दार दर्ज्यु फ्रेङथानो।

**हार्दिक निमन्त्रणा।**

विषय: सदाको वर्ष झैं यस वर्ष पनि ग्याल्बो लोछार मनाउने सम्बन्धमा। उपरोक्त सम्बन्धमा यही फाल्गुण १८ गते पुरानो ल्हो गाई वर्ग सकिने र १९ गते २१४९ औं ताग ल्हो सुरुवात हुने भएकोले संस्कृतिको जर्गेन गर्न उपस्थित भई कार्यक्रमको शोभा बढाईदिनुहुन यहाँहरु तपसिलको मिति, समय र स्थानमा उपस्थितिको लागी हार्दिक अनुरोध गर्दाछौं।

**तपसिल**

मिति:२०७८–११–१८ गते पुरानो गाई वर्गलाई विदाई र गृह फाल्ने समय: दिउसो २:०० बजे देखि ४:०० बजे सम्ममिति:२०७८–११–१९ गतेसमय: विहान ७:०० बजे बाट नयाँ बाघ वर्गलाई स्वागत पुजा १:०० बजे सम्म।पुजा सके पछि लामा गुरुको हातबाट वाङ आशिर्वादको साथै साँस्कृतिक कार्यक्रम मिति:२०७८ ११ २० गते गान्बा ल्होछार मान्यजनबाट आशिर्वाद लिन जाने मिति :२०७८–११–२१ गते डोन्बो ल्होछार

स्थान: ऊँ नमो लकेश्वर म्हणीपा संघ गुम्बा निजगढ नगापालिका–८, बारा

**आयोजक**

ऊँ नमो लकेश्वर म्हणीपा संघ गुम्बा परिवार निजगढ नगरपालिका–८ बारा


## ग्राहकको मन जित्दै निजगढको माँ अजिमा ट्रेडर्स



**निजगढसमाचार**, निजगढ

बाराको निजगढ–९ स्थित माँ अजिमा ट्रेडर्सले बिगत ४ वर्ष देखि टीभीएस कम्पनीको मोटरसाइकल र स्कुटर विक्री गर्दै आइरहेको छ।

यसरी आफ्नो ग्राहकहरुलाई विशेष अफरहरु पनि प्रदान गर्दै आएको छ।

ग्राहकको आवश्यकता अनुसार टिभी एस शोरुमले माघ २४ गतेदेखि २८ गतेसम्म टीभीएस स्मार्ट एक्सचेन्ज अफरको आयोजना गरेको थियो।

सो अफरमा पुराना बाइक तथा स्कुटर लिएर नयाा खरिद गर्दा बजार मुल्यांकन भन्दा १० हजार थप मुल्यांकन गर्ने र हरेक मोटरसाइकलको नगद खरिद गर्दा ६ हजार देखि १ लाख सम्मको स्क्र्याच कार्ड मार्फत छुट् दिइएको थियो साथै स्क्र्याच कुपन मार्फत १ तोला देखि २० तोला सम्म चाँदी जित्ने मौका पनि रहेको शोरुमका सञ्चालक रवि राजभण्डारीले जानकारी दिए।

उनका अनुसार शो–रुममा NTORQ स्कुटर १२५ सीसी ह्यक्ट, अपाची १६० सीसी, अपाची आरटीआर २०० सीसी BS6, STRYKER, RAIDER, लगायतका बाइकहरू उपलब्ध छन्। साथै कुनै पनि मोटरसाइकल र स्कुटरको खरिदमा ४०% नगद PAYMENT मा बिना ब्याज FINANCE को पनि व्यवस्था गरिएको छ।

कम्पनीले ५ वर्ष इन्जिन वारेन्टी दिने गरेको र ब्याट्रीमा ६ महिनासम्म वारेन्टी दिने गरेको

-बाँकी पृष्ठ ७ मा

## एमसीसीको विरोध राप्रपा निजगढद्धारा मशाल जुलुस प्रदर्शन

**निजगढसमाचार**, बारा

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले अमेरिकी परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) विरुद्ध मशाल जुलुस प्रदर्शन निजगढको सहिद चोकमा गरेको छ।



राप्रपा निजगढ नगर कमिटीले शनिबार साझ निजगढ ७ स्थित शहिद चोकबाट सुरु गरेको

-बाँकी पृष्ठ ७ मा


**निजगढ सिटी हस्पिटल प्रा. लिं**




**दिर्घारोग सम्बन्धि:–**
दिर्घरोग सम्बन्धि:( मधुमेह (Sugar) उच्चरक्तचाप (Blod Pressure)

**स्वास प्रस्वास सम्बन्धि:–**
रुघा, खोकी, दम, छातीको दाग, निमोनिया, एलर्जी आदि।

**पाचन प्रणाली सम्बन्धि समास्य:–**
पेटपोल्ने, छाती पोल्ने, अपच हुने, घाूटी पोल्ने, वाक–वाक लाग्ने, रिंगडा लाग्ने, दुख्ने, खाएको नपच्ने, गानोगोला, कब्जियत, ग्याष्ट्रिक, सम्पुर्ण पेट सम्बन्धि रोगहरु।

**टाउको तथा मानसिक रोग सम्बन्धि:–**
पिनास, माईग्रन, स्मरण शक्तिमा कमी, डराउने, मन अतिने, अनिन्द्र तथा कपाल झर्ने।

**पेट सम्बन्धि:–**
पाएल्स, फिटुला र फिसर, (विना अप्रेशन) ग्याष्ट्रिक, कब्जियत, गानोगोला, जण्डीस, अपच, आउ, अल्स्र, कोलाइटिक्स।

**नशा तथा हाडजोर्नी सम्बन्धि:–**
बाथ, हाड्डी खिइएको, जोर्नी दुखाई, सम्बन्धि सम्पुर्ण रोगहरु।

**मुख तथा घाँटी सम्बन्धि:–**
स्वास गनाउने, गिजाबाट रगत आउने, दुख्ने, मुख र जिभ्रोमा खटिरा आउने टन्सिल आदि।

**पिसाव सम्बन्धि:–**
पिसाव पोल्ने, पिसाव रोकिने, प्रोष्टेड ग्याल्ण्ड बढेको।

**यौन सम्बन्धि:–**
पुरुषको यौन उत्तेजनामा कमी, शुक्र कमी, शिघ्रस्खलन, नपुंसकता, स्वप्नदोष, महिलाको यौन ईच्छ नहुने तथा सम्पुर्ण यौन सम्बन्धि रोगहरु।

**छाला सम्बन्धि:–**
सेतो दुवी, दाद, डण्डीफोर, कास चिलाउने, जस्ता रोगहरुको उपचार गरीन्छ।

**महिला सम्बन्धि:–**
बाथ, आम बाथ, युरिक एसिड, जोर्नीहरु दुख्ने, सुन्नीने, मांसपेशी दुख्ने, हातगोडा झमझमाउने, जस्ता रोगहरुको उपचार गरीन्छ।

**दुखाई सम्बन्धि:–**
बाथ, आम बाथ, युरिक एसिड, जोर्नीहरु दुख्ने, सुन्नीने, मांसपेशी दुख्ने, हातगोडा झमझमाउने, जस्ता रोगहरुको उपचार गरीन्छ।

फोन नं. ०५३(५४०३०

मोबईल नं. :-९८०७१६४६९१

हरेक महिनाको दोस्रो हाप्ताको शनिबार डा. अनिल कुमार सह (MBBS, MD)

२४ सै घण्टा इमेर्जेसी सेवा एवं मेडिसियन एम्बुलेन्स सेवा

Remove Watermark Wondershare PDFelement

निजगढको साप्ताहिक Nijgadh samachar National Weekly
# निजगढ समाचार

**महिला हिंसा विरुद्ध एक जुट होऔं।**
**हिंसा विरुद्ध आवाज उठाऔं।**

# सम्पादकीय

## व्याख्यात्मक टिप्पणीले परिमार्जनको आशा

अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) लामो बहसपछि अन्ततः प्रतिनिधिसभाबाट आईतबार अनुमोदन भयो। संसदमा दर्ता भएको करिब अढाई वर्षपछि आइतबारको बैठकबाट यो व्याख्यात्मक घोषणासहित बहुमतले अनुमोदन भएको हो ।

प्रतिनिधिसभाको आइतबारको दोस्रो बैठकले नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी)बीच भएको अनुदान सहायता सम्झौता बहुमतले अनुमोदन गरेको हो । अर्थमन्त्री जनार्दन शर्माले संसदमा प्रस्तुत गरेको व्याख्यात्मक घोषणासहितको प्रस्तावलाई ध्वनिमतले पारित गरिएको थियो ।

सडकदेखि सदनसम्म विवादमा रहेको एमसिसीका पासभएपनि विरोध कायमैछ । यसको विरोधमा सोमबार नेपाल बन्दको आह्वान भयो भने सत्ता गठबन्धनको एक घटक राष्ट्रिय जनमोर्चाले गठबन्धनबाट बाहिरिएको घोषणा गऱ्यो ।

आर्थिक योजनाका रुपमा कार्यान्वयन हुनुपर्ने एमसिसी सैन्य गठबन्धनको रुपमा आएपछि यसको चर्को विरोध भएको हो । संसदबाटै परियोजनासंगै व्याख्यात्मक घोषणा पारित भएसंगै अब आशंकाहरुलाई चिर्ने प्रयास भएको छ ।

विसं २०६८ मा तत्कालीन नेकपा माओवादीका नेता डा बाबुराम भट्टराई नेतृत्वको गठबन्धन सरकारदेखि सुरु भएको एमसिसी सम्झौता प्रक्रियामा नेपालका लगभग सबैजसो दलहरू र नेतृत्व प्रत्यक्ष रुपमा सहभागी भएका छन्। विसं २०७४ मा नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा र अर्थमन्त्रीका रुपमा ज्ञानेन्द्रबहादुर कार्की रहेका बेला एमसिसी अनुदान सहायता स्वीकार गर्ने विषयमा मन्त्रिपरिषद्ले स्वीकृत गरी कम्प्याक्टमा हस्ताक्षर भएको थियो । त्यसपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले २०७५ साल माघ २५ गतेको मन्त्रिपरिषद्को बैठकबाट यो कम्प्याक्ट अनुमोदनका लागि संसद्मा पेस गर्ने निर्णय गरी २०७६ असार ३० गते संसदमा दर्ता गराएका थिए ।

बाराको निजगढबाट प्रकाशन भईरहेको ***निजगढ समाचार साप्ताहिक*** पत्रिका तपाईलाई कस्तो लाग्दैछ। तपाई पत्रिकामा आएका विषयवस्तु बारे आफ्नो धारणा राख्न सक्नुहुन्छ। आफ्ना महत्वपूर्ण सुझाव, सल्लाह र विचार व्यक्त गर्नका लागि तपाईले हामीलाई निम्न माध्यमबाट सम्पर्क गर्न सक्नुहुन्छ।
फेसबुक-www.facebook.com/nijgadhsamchar

# विद्यार्थीलाई एसईईको त्रास किन ?



सुष्मा सुब्बा लामा

**विश्वव्यापी** रूपमा फैलिएको कोभिड-१९ को असरले विशेषगरी स्कुले नानीहरूलाई असाध्यै प्रभाव पारिरहेको पाइन्छ । सरकारी ओहदामा बस्नेहरूका पनि आआफ्नै समस्या होलान्, त्यसो भन्दै गर्दा विगतका दुई वर्ष भौतिक रूपमा जाँच नगराउँदा पनि हुने, अनि यो वर्ष मात्रै किन विद्यार्थीलाई एसईईको हाउगुजी देखाउने त ? यो प्रश्न गम्भीर रूपमा तेर्सिएको छ। पहिलेदेखि नै एसईई अर्थात् साविकको एसएलसी खारेज गरौं भन्दै सरकारी निकायका पदाधिकारीहरू कराउँदै आए। होमा हो गर्दै निजी विद्यालयअन्तर्गतका प्याब्सन, एन प्याब्सनहरू पनि निकै तातेकै हुन् । तथापि अहिले यस्तो अवस्थामा भौतिक रूपमा विद्यार्थीलाई परीक्षामा सामेल गर्ने सरकारी रबैया देखावटी मात्रै हो कि जस्तो लाग्छ। एसईईमा अहिले जम्माजम्मी आठवटा विषय छन्। कक्षा आठमा पढ्दै आएका विद्यार्थीहरू करिब कोभिडकै कारण सबैभन्दा बढी प्रताडित हुनेमा पर्छन्। किनभने उनीहरू नै त्यस्ता विद्यार्थी हुन्ह जसले लामो समय अनलाइनबाटै कक्षा लिए, भौतिक रूपमा लामो समय घरमै बस्नुपर्ने बाध्यता भयो। यसअघि र त्योभन्दा पनि पहिलो वर्ष सरकारले मेरिटका आधारमा जाँच लियो, नतिजा पनि सोही प्रकारले सार्वजनिक गऱ्यो । तर अहिले आएर आजको आजै कक्षा सञ्चालन गर्ने, अनि दुई महिनामै कोर्स पनि सकिने र परीक्षाका लागि तमाम विद्यार्थी तयार हुने भन्ने कुरा सम्भव छैन । फेरि एसईईको 'वेटज'लाई लिएर विगतदेखि नै यो केही समयसम्मका लागि मात्रै हो, अन्ततोगत्वा कक्षा १२ नै विद्यालय स्तरका पढाइका लागि मुख्य ढोका हो पनि भनिँदै आएको अवस्था छ। विगतको एसएलसी र अहिलेको एसईईमा के समस्या छ भने विद्यार्थी एउटा विषयमा फेल भयो भने ऊ पठनपाठनका लागि फेरि विद्यालय जाँदैन । किनभने फेल पास हुने कुरालाई एउटा विद्यार्थीले ठूलो प्रतिष्ठाका रूपमा लिएको हुन्छ। यो पटकको एसईई परीक्षामा सामेल हुने विद्यार्थीहरू लामो समयसम्म कोभिडका विभिन्न प्रकारका वेभहरूबाट प्रभावित भएकाहरू नै छन्। उनीहरूमा कन्फिडेन्ट लेभल पनि कमजोर भएको छ । केही समयअघि पनि सरकारले भौतिक रूपमा कक्षा सञ्चालन नगराउन् भन्दै उर्दी जारी गर्यो, त्योभन्दाअघि पनि तिनै विद्यार्थीहरू लामो समय घरमै बसेर अनलाइन कक्षाबाट आफूलाई जसरी तसरी तयारी बनाउँदै ल्याए। अहिले आएर फेरि तिनैलाई वैशाखबाट एसईईका लागि तयार होऊ भन्ने नैतिक आधार हामीसँग छ त ? यहाँनेर मेरो प्रश्न हो ।

उमेरका हिसाबले पनि एसईई दिने एउटा विद्यार्थी सबल भएको हुँदैन । यो उमेर समूहका केटाकेटीहरू नाबालक नै हुन्। तिनको अर्द्धचेतन मस्तिष्क पनि बलियो र पूर्णरूपमा सोच्ने अवस्थामा पुगिसकेको हुँदैन। स्मरण शक्तिका हिसाबले पनि यो उमेर समूहका बालबालिकाहरू कमजोर नै हुन्छन्। बल्ल त उनीहरूको मस्तिष्कको विकास हुँदै गरेको हुन्छ। यो उमेरमा एउटा ढोका बन्द हुँदा अर्को ढोका खुल्छ भन्ने ज्ञानको विकास पनि भएको हुँदैन। विद्यार्थीलाई विगतदेखि नै एसईई अर्थात् विगतको एसएलसी 'आइरन गेट' हो भनिँदै आइयो । विद्यार्थी पनि एसईईलाई यसरी तयारी गर्नुपर्छ कि मानौं जीवनको ठूलो उपलब्धि नै त्यही हो भन्नेमा विश्वस्त छ। स्कुलहरू पनि दिनरात एसईईकै तयारीमा हुन्छन्, सकेसम्म बढी अक्त ल्याउने होडबाजीमा परम्परागत स्कुलहरूले विद्यार्थीलाई यति धेरै बर्डेन दिएका हुन्छन् कि त्यसको कुनै सीमा नै हुँदैन। यस्तो अवस्थामा अहिले सरकारले जुन प्रकार भौतिक रूपमा उपस्थित गराउँदै एसईईको जाँच गर्ने उद्घोष गरेको छ, त्यसका बारेमा केही सोच्ने हो कि भन्ने मेरो भनाइ हो ।

मान्छेको शारीरिक हिसाबले विकासको कुरा गर्ने हो भने पनि एउटा दाँतपछि मात्रै अर्को दाँत आउने हो। त्यसैगरी अर्द्धचेतन मनको विकास पनि क्रमिक रूपले हुँदै जाने हो। फेरि अहिले जो जसले एसईईको जाँच दिने तयारी गरिरहेका छन्, तिनलाई त तीन तीन पटकको कोभिड-१९ का विभिन्न प्रकारका वेभहरूले यति गलाई सकेको छ कि अब उनीहरू दौडन नसक्ने अवस्थामा पुगिसकेका छन्। विगतमा पनि केही विद्यार्थीहरूलाई 'कोभिड फोबिया'कै कारण समस्या आएको कुरालाई विभिन्न सञ्चार माध्यमहरूले बाहिर ल्याएका थिए। अहिलेको अवस्थामा बढीभन्दा बढी विद्यार्थीले 'ग्रेड ए' नै

-बाँकी पृष्ठ ७ मा



## निजगढ सेरोफेरो टेलिफोन डायरी

**निजगढसमाचार साप्ताहिक**
०५३-५४०४०१, ९८४५२८३७४४




**एम्बुलेन्स सेवा :**

| | | |
|---|---|---|
| निजगढ प्रसुति गृह | | ०५३-५४०११४ |
| | मोवाईल | ९७४५०६२२१४ |
| रेडक्रस सोसाईटी निजगढ | | ९८४५२५३४९६ |
| | कार्यालय : | ०५३-५४०३९६ |
| शहीद हिरालाल गौतम स्मृतीमा हुरास नेपालद्धारा सञ्चालिन | चालक | ९८५५०४४१३१ |
| | कार्यालय : | ९८४५६ ९९७७ |
| रेडियो मध्यतराई ९४.४ मेगाहर्ज | | ०५३-५४०४९४ |
| ईलाका प्रहरी कार्यालय | | ०५३-५४०१९९ |
| | प्रहरी निरीक्षक | ९८५५०४४००३ |
| निजगढ नगरपालिका कार्यालय | | ०५३-५४०२०० |
| निजगढ खानेपानी तथा सरसफाई उपभोक्ता संस्था | | ०५३-५४०१४५ |
| नेपाल विद्युत प्राधिकरण निजगढ | | ०५३-५४०२२१ |
| नेपाल टेलिकम निजगढ | | ०५३-५४०१११ |
| सामुदायिक आँखा अस्पताल, निजगढ-७, बारा | | ०५३-५४०३२८ |
| निजगढ केवुल नेट प्रा.ली. | | ०५३-५४०२३१ |
| उद्योग वाणिज्य संघ, निजगढ | | ०५३-५४०४८८ |
| कुशल ब्यवसाय परामर्श तथा तालिम केन्द्र | | ०५३-५४०४५७ |
| साफ्रोन रियलस्टेट एण्ड कन्ट्रक्सन प्रा.लि. | | ०५३-५४०२९४ |
| द कम्प्युटर शप, निजगढ-९ | | ०५३-५४०३७७ |
| अमृत ट्रेडर्स निजगढ-९ बारा | | ०५३-५४०२२९ |
| न्यौपाने फिड् सप्लायर्स, निजगढ-७ बारा | | ०५३-५४०४६९ |
| दिपक जनरल स्टोर्स, निजगढ-९, बारा | | ०५३-५४०३७४ |

**बैंक/सहकारी संस्था**

| | |
|---|---|
| कृषि विकास बैंक उपशाखा निजगढ | ०५३-५४०४५३ |
| अवतार बचत तथा ऋण सहकारी संस्था | ०५३-५४०४१७ |
| लोकप्रिय बचत तथा ऋण सहकारी संस्था | ०५३-५४०४१३ |
| सगरमाथा बचत तथा ऋण सहकारी संस्था | ०५३-५४०१६० |
| हाम्रो बचत तथा ऋण सहकारी संस्था | ०५३-५४०४४० |
| सेवा शुभारम्भ बचत तथा ऋण सहकारी संस्था | ०५३-५४०४२६ |

वन संरक्षणबारे तामागढी साझेदारी वन
उपभोक्ता समुहको उपभोक्तालाई अनुरोध

वन विनास, अतिक्रमण एवं वन्यजन्तुको चोरी शिकारी गर्नु दण्डनीय अपराध हो। तसर्थ यस्ता कार्यहरु नगरौं नगराऔं। वन क्षेत्रको संरक्षणमा जुटौं, हामी पनि बाचौं र वन्यजन्तुलाई पनि बाँच्ने अवसर प्रदान गरी असल नागरिकको दायित्व पुरा गरौं।

अध्यक्ष
तामागढी साझेदारी वन उपभोक्ता समुह
कोल्हवी, बारा

## गजल

अमिर त उनका छोरी रहेछन्
माहिरछन् दिल चोरि रहेछन् ।

म पारी तर्न खोज्दैछु किन
सहरा त ति नै डोरी रहेछन ।

बोलाएको थिए नबोलेरै गए पछि
दिल थिचोरेरभन् कोरी रहेछन ।

तिम्रो बोलि चुलीए पछि, निउरिएर बसे गाली अरे सबै मलाई
कस्ता काली मोरी रहेछन ।



अंकित गौतम
निजगढः–८ बारा

## चित्रकला





मनिला मोक्तान
जीतपुरसिमराः– १६
टांगिया वस्ती

NAYA GORETO
नयाँ गोरेटो
सिमरा, बारा
मो. ९८५५०२४९००
Come with me and
be drug free.
Drug use is life abuse.



निजगढसमाचार साप्ताहिक

# साप्ताहिक राशिफल

**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
यो साता सानो प्रयत्नले ठूलो काम सम्पादन हुनेछ । लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । रमाइलो यात्राको योग रहेको छ । दानपुण्य जस्ता कार्यमा सहभागी भइनेछ ।

**बृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)
यो साता शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ । कसैले झुटो आश्वासन दिन सक्छन् । नाक तथा घाटीमा समस्या आउला । बुधवारबाट घरमा अतिथिको आगमन हुनेछ ।

**मिथुन** (का, कि, कु, घ, ङ, छ, के, को, हा)
यो सातामा नयाँ पद र जिम्मेवारी पाइएला । रमणीय र सुखद् यात्राको योग छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । आफन्तले सहयोग गर्नेछन् ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
यो हप्ता परोपकारका क्षेत्रमा लगानीको समय छ । रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । मित्रबाट विशेष सहयोग पाइनेछ ।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
यो साता नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । कृषि कार्यमा सफलता मिल्नेछ । गरेको काममा प्रशंसा, बढुवा वा उन्नतिको प्रयास सफल हुनेछ । छोटो समयमा विशेष उपलब्धि हासिल गर्न सकिनेछ ।

**कन्या** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)
यो साता मन मिल्ने साथीको सहयोग र हौसला मिल्नेछ । आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला । नयाँ कामका विभिन्न अवसर फेला पर्नेछन् ।

**तुला** (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)
यो साता बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ । शेयर बजारबाट राम्रो सफलता मिल्ला । अध्ययन अध्यापन सफल रहनेछ ।

**बृश्चिक** (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
यो साता कार्य सम्पादनमा सहजता मिल्नेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ । परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**धनु** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)
यो साता आफ्नो प्रयास र कामधन्दाबाट दीर्घकालिक फाइदा पुग्न सक्छ, त्यसैले आफ्नो विचार र योजनालाई रचनात्मक रूप प्रदान गर्ने प्रयास गर्दा राम्रो ।

**मकर** (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि)
यो साता भाग्य शक्ति कमजोर हुनाले चिताएको कार्यमा सोचे जस्तो सफलता नमिल्ला । सामान हराउने वा चोरी हुने सम्भावना पनि रहेको छ ।

**कुम्भ** (गु, गे, गो, सा, सि, सु, से, सो, दा)
यो साताबाट सामाजिक कार्यमा सफलता मिल्नेछ । वैदेशिक कार्य विस्तारै अघि बढ्नेछ । नयाँ सवारी साधन प्राप्तिको योग छ । प्रतियोगितात्मक क्रियाकलापमा विजय प्राप्त हुनेछ ।

**मीन** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)
यो सातामा शुभकार्यको चर्चा चल्नेछ । आस्था बढेर जानेछ । सामाजिक र राजनैतिक चिन्तन बढ्नेछ । एउटै कामबाट दोहोरो लाभ मिल्न सक्छ । व्यापार व्यवसायमा लाभ हुनेछ ।

अहिलेको न्यूज अहिले
ONLINE KHABAR.COM



Remove Watermark Wondershare PDFelement



# लोसपाको वडा अधिवेशन सम्पन्न



**निजगढसमाचार**, बारा
सिम्रौनगढ नगरपालिका वाडा न. ५ ईटवालमा लोसपा नेपालले वडा स्तरीय अधिवेशन एक कार्यक्रम बीच सम्पन्न गरेको छ।

वडा न.५ का वडा अध्यक्ष रामबहादुर पटेलको अध्यक्षतामा मुकेश कुशवाहाको अध्यक्षतामा ३१ सदस्यीय कमीटी, महिला अध्यक्ष पुन कलिया देवी महतो लगायत २५ सदस्यीय कमिटी ,किसानको अध्यक्ष रहमतुल्लाह अन्सारी रहने गरि २५ सदस्यीय कमिटी ,त्यस्तै मुल कमिटी अध्यक्षमा मुकेश महतोलाई चयन गरिइएका छन्।

लोसपा नेपालका केन्द्रीय सदस्य डा.कमरुल्लाह अन्सारीको प्रमुख आतिथ्यमा सो कार्यक्रम भएका हो।

उक्त कार्यक्रममा विशिष्ट अतिथि लोसपा नेपाल सिम्रौनगढ

-बाँकी पृष्ठ ५ मा

## निजगढमा एक पुरुष
# झूण्डिएको अवस्थामा फेला



**निजगढसमाचार**, निजगढ
निजगढ नगरपालिका वडा नं. ५ स्थित शिखर बस्तीमा एक पुरुषले झुण्डिएर आत्महत्या गरेका छन्।

मकवानपुर जिल्लाको बकैया गाउपालिका वडा नं. २ तिनढुङ्गे थाप्लाङ स्थायी घर भई आफन्तको घर हेटौडा र चपुरमा बस्दै आएका ३८ बर्षिय केशव तिमल्सिना रहेको पुष्टी भएको छ।

ज्याला मजदुरी गर्दै आएका तिमल्सिना मादक पदार्थ सेवन गरी केही दिनदेखि मर्छु भन्दै आएको र उनले केही दिन अघिपनि आत्महत्याको प्रयास गरेको समेत स्थानिय बताउछन्।

आफन्त घरमा नभएका बेलामा आईतबार दिउसो ११ बजेसम्म लास झुण्डिएकै अबस्थामा प्रहरीले फेला पारेको थियो।

घटनाको बारेमा आवश्यक छानविन भईरहेको ईलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक शंकरप्रसाद चौधरीले जानकारी दिए।

## लोसपा नेपालको बारा
# जिल्ला सम्मेलन सम्पन्न



**निजगढसमाचार**, बारा
बारा, कलैया लोसपा नेपालको बारा जिल्ला सम्मेलन कलैयाको पूजा लजमा सम्पन्न भएको छ।

जिल्लाको चार क्षेत्र बाट आएका नेता तथा कार्यकर्ताहरुले जिल्लामा पार्टी भित्र केहि विवाद भएको भन्ने अकलनको आधारमा जिल्ला समेल्लन गरिएको छन्। सभा लाई सम्बोधन गर्दै पार्टीका केन्द्रिय सदस्य डा. अंसारीले पार्टी भित्र कुनै विवाद नरहेको धारणा राख्दै सबैले मिलेर पार्टी मजबुत पार्न आग्रह गरेका थिए।

यहि फाल्गुन १३ गते बनाइएको जिल्ला समिति को विषय लाई लिएर केहि नेता कार्यकर्तामा

-बाँकी पृष्ठ ६ मा

# जीतपुरमा यामाहाको शोरुम उद्घाटन



**निजगढसमाचार**, बारा
जीतपुरसिमरा उपमहा नगरपालिकाको जीतपुरमा यामाहा ब्राण्डको शोरुमको उद्घाटन पूर्व कृषि तथा पशुपंक्षी मन्त्री ज्वालाकुमारी साहले शुक्रबार एक समारोह कार्यक्रम बीच गरेकी थिइन्।

उक्त शोरुम यमाहाको ८५ औं आधिकारिक शोरुम रहेको जनाइएको छ।

जीतपुरमा सञ्चालनमा रहे को शोरुममा सेल्स, सर्भिस, स्पेयर्स पार्टस र एफआई स्टेसनको सुविधा पनि उपलब्ध रहेको जनाएको छ।

एफआई प्रविधियुक्त बाईक र स्कुटरहरुलाई आधुनिक हेल्थ कार्ड मार्फत नबिन सेवा प्रदान गरिने बताईएको छ।

देशभरमा यमाहाको १ सय १० वटा आधिकारिक शोरुमहरु रहेका छन्।

सीमा ईन्टरप्राईजेजका संचालक सुनिल गुप्ताको अग्रसरतामा भएको कार्यक्रममा एम.ए.डब्लुका कार्यकारी प्रमुख राजु भेटवाल क्षेत्री, जीतपुर सिमरा उपमहानगरपालिकाको उप प्रमुख सरस्वती देबी चौ धरी ,प्रमुख प्रशासकीय अधिकृत चेत कुमार पोखरेल, यामाहा कम्पनीका बजार व्यवस्थापक हरि दाहाल

-बाँकी पृष्ठ ५ मा

## समाजवादीको जिल्ला सदस्य तथा
# कार्यपालिका सदस्य पवन वि.क. पुन: एमालेमा



**निजगढसमाचार**, बारा
निजगढ नगरपालिकाका कार्यपालिका सदस्य पवन वि.क. पुन: एमालेमा फर्केका छ।

गत भाद्र २० गते उनले माधव नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) को पक्षमा सनाखत गरेका थिए।

निजगढ नगरपालिका वडा नम्बर १३ मा भएको अनेम संघ र राष्ट्रिय युवा संघ नेपालको सयुक्त भेलामा उनले आफूबाट जानि नजानि केही त्रुटि र गल्ती भएको भएता पनि अब हामी पुन: एकता हुन जरुरी रहेको बताए।

पछिल्लो समयमा बारा तथा देश भर एमालेबाट नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेका व्यक्तिहरु पुन: एमालेमा प्रवेश गर्ने लहर लाग्न थालेको छ।

# नेकपा एकीकृत समाजवादी पार्टी प्रवेश कार्यक्रम सम्पन्न



**निजगढसमाचार**, बारा
बाराको कलैयामा नेपाल कम्युनिस्ट पार्टी ( एकिकृत समाजवादी ) मा विभिन्न पार्टी परित्याग गरि (एकिकृत सामाजवादी) पार्टीमा प्रवेश गरेकाछ

-बाँकी पृष्ठ ६ मा

## प्रहरीको कारबाहीमा एक
# गाँजा तस्करको ज्यान गयो

**निजगढसमाचार**, बारा
प्रहरीको कारबाहीमा एक गाँजा तस्करको ज्यान गयो
मधेश प्रदेशमा प्रहरीको गोली लागेर एक गाँजा तस्करले ज्यान गुमाएको छ।

बारा को सिम्रौनगढ नगरपालिका–२ महुवाहीमा गोली लागेर परिचय नखुलेका एक भारतीय गाँजा तस्करको मृत्यु भएको खबर सर्वजनिक भएको छ।

गस्ती टोलीलाई लक्षित गरी तस्करले एक राउन्ड गोली चलाएपछि आत्मरक्षाका लागि प्रहरीले चलाएको गोली लागि नाम नखुलेका ती गाँजा तस्करको मृत्यु भएको प्रहरीले दावी गेंको हो।

बुधबार राति सात/आठ जनाको समुहमा पाँच पाकेटमा ७५ किलो गाजा नेपालबाट भारततर्फ लगिरहेको सूचना पाएपछि प्रहरीको टोली त्यसतर्फ खटिएका थिए जाँदै गर्दा उक्त घटना घाटेका बताएको छ।

भारतीय नागरिकलाई कम्मरमा गोली लागि घाइते भई उपचारका लागि कलैया अस्पताल ल्याएकोमा निजको राति १ बजेर ३० मिनेटमा मृत्यु भएको प्रहरी प्रवक्ता राजेश थापाले संचारगृहलाई जानकारी दिएका थिए।

प्रहरीको जवाफी फायरपछि तस्करले गाँजा छाडेर भाग्दै गर्दा एक जना भारतीयलाई प्रहरीको टोलीले पक्राउ गर्न सफल भएको पनि प्रहरी प्रवक्ता थापाले बताए।

उनका अनुसार पक्राउ पर्नेका भारत विहार मोतिहारी जिल्ला ग्राम पञ्चायत पिप्रा निवासी ४० वर्षीय हृदयेश गिरी रहेका बताए।

मृतकको शव प्रदेशिक अस्पतालमा राखिएको र घटना विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।


## आदर्श कोतवाल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
महेन्द्र आदर्श, बारा

**लोक कल्याणकारी सूचना**

☐ विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं।

☐ व्यक्तिगत घटना घटेको ३५ दिनभित्र अनिवार्य रुपमा गाउँपालिकामा घटना दर्ता गराऔं।

☐ चिसो मौषम सुरु भईसकेको छ। शीतलहर तथा चिसोको कारण हुने असरलाई कम गर्न न्यानो कपडा लगाऔं। धुम्रपान तथा मद्यपान नगरौं।



## देवताल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय, पिप्राढीगोठ बाराको

**लोक कल्याणकारी सूचना**

☐ वर्षायाममा बाढीको सम्भावना हुने भएकाले त्यसबाट हुने क्षतिबारे सर्तक बनौं।

☐ जेष्ठ नागरिकलाई उचित स्याहार सुसार सहित सम्मान गरौं।

☐ चर्पीमा मात्र दिसा पिसाब गरौं।

☐ व्यक्तिगत घटना घटेको ३५ दिनभित्र अनिवार्य रुपमा गाउँपालिकामा घटना दर्ता गराऔं।



वन संरक्षणबारे हलखोरिया सझेदारी वन
## व्यवस्थापन समितिको उपभोक्तालाई अनुरोध

वन विनास, अतिक्रमण एवं वन्यजन्तुको चोरी शिकारी गर्नु दण्डनीय अपराध हो। तसर्थ यस्ता कार्यहरु नगरौं नगराऔं। वन क्षेत्रको संरक्षणमा जुटौं, हामी पनि बाचौं र वन्यजन्तुलाई पनि बाँच्ने अवसर प्रदान गरी असल नागरिकको दायित्व पुरा गरौं।

*रविन्द्र सिंह, अध्यक्ष*
हलखोरिया साझेदारी वन व्यवस्थापन समिति
**डुमरवाना, बारा**


नगरपालिकामा तिर्नुपर्ने कर तथा शूल्कहरु समयमै भुक्तानी गरी सभ्य नागरिकको परिचय दिउँ-विश्रामपुर गाउँपालिका ,बारा

Remove Watermark Wondershare PDFelement

## बारामा बेग्ला बेग्लै स्थानबाट सशस्त्र प्रहरीद्वारा

# लागु औषध बरामद





**निजगढसमाचार**, बारा

बारामा बेग्ला बेग्लै स्थानबाट सशस्त्र प्रहरीको टोलीले अवैध लागु औषध बरामद गरेको छ।

बारा स्थित सशस्त्र प्रहरीको गस्ती टोलीले ठुलो परिमाणमा लागु औषध गाँजा, चरेस लगाएतका अवैध सामाग्री बरामद गरेको छ।

सशस्त्र प्रहरी बोर्डर आउटपोष्ट बेनौलीबाट सई लिलबहादुर थापाको कमाण्डमा खटिएको गस्ती टोलीले पचरौता नगरपालिका वडा नम्बर ६ स्थित जमुनी नदी छेउबाट १० किलो लागु औषध बरामद गरेको हो।

शनिवार बिहान साढे ९ बजे दुई जना व्यक्तिहरुले एउटा मोटरसाईकलको प्रयोग गरि नेपालबाट अवैध रुपमा भारततर्फ दुई ग्यालेनमा राखेर लैजाने क्रममा गस्ती टोलीलाई देख्न साथ उक्त तस्कर दुवै ग्यालेन त्यहीं फालेर नेपालबाट भारततर्फ भागेको सशस्त्र प्रहरी मधेस प्रदेश प्रमुख छिनमस्ता बाहिनिपती डिआईजी गणेश ठाडा मगरले जानकारी दिए।

उक्त चरेसलाई आवश्यक कारबाहीको लागी नेपाल प्रहरी लाई बुझाउने प्रक्रिया भईरहेको सशस्त्र प्रहरी छिनमस्ता बाहिनीले जनकारी दिए।

यसअघि शसस्त्र प्रहरीले बाराको पचरौता नगरपालिका वडा नम्बर १ स्थित पिपरपाती र ईनर्वाबीचमा पर्ने खेती बाटोबाट ३५ केजी गाँजा बरामद् गरेको थियो।

टाउकोमा बोकी राती सवा १० बजे खेतको बाटो हुदै जादै गरेको अवस्थामा टोलीलाई देखेर टाउकोबाट अवैध समान फालेर तस्कर फरार भएका थिए।

### लोसपाको वडा.........

नगरपालिका अध्यक्ष एवं मेयरका प्रत्याशी उम्मेदवार किशोरीसाह कलवार, विशिष्ट अतिथि लोसपा नेता शेख मोतिम, डा. प्रमानन्द मुखिया, राजेश प्रसाद यादव, मन्जुर अन्सारी , नागेन्द्र ठाकुर, हेमचन्द्र प्रसाद जैसवाल , उषा पटेल, रामबाबु प्रसाद यादव , अतिथिमा श्री रामचन्द्र महतो, ठाकुर साह, प्रमानन्दप्रसाद यादव, राजकिशोर महतो, शिवमंगल पटेल, कपिलदेव साह , रम्भा पासवान, रजाक मिया, मोहन साह तथा वडा नं.५ का स्थानीय लगायत भद्रभलादीहरुको उपस्थिति रहेको थिए।

लोसपा नेपाल सिम्रौनगढ नगरपालिका अध्यक्ष एवं मेयरका प्रत्याशी उम्मेदवार कलवारले भने तपाईंहरु बहुमुल्य मत जुन मतको कुनै मुल्य हुदैन र लगाउन सकिदैन जसरी गाउघरमा वा बजारमा एउटा घैटो, गाग्री, किन्न जाादा जसरी ठोकेर, बजाएर किन्छौ, त्यसरी नै आफ्नो मत दिदो सही र गलत छानेर दिनु पर्ने बताए सिम्रौनगढ नगरपालिकाको भविष्यमाथि जस्ले खेलवाड गरे त्यो नेपाली कग्रेसले गरेका अरोप लगाएका थिए।

आफू सिम्रौगढ नगरपालिका प्रमुख पदमा जिते भने ५ वर्षमा पानी बिजुली , स्वास्थ्य, शिक्षा , महिलाई उध्यमी रोजगारीको साथ साथै खेलाडी युवाहरु सम्पुर्ण समाग्रीहरुको पुर्ती गर्ने पहिलो प्रतिबद्धता जनाएका थिए। त्यस्तै लोकतान्त्रिक समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य डा. अन्सारीले भने सबै पार्टीहरु सधै सरकारमा जाने तर मधेसको मुद्दामा केही नबोल्ने मात्र जनताहरुलाई ललीपप देखाउने जस्तो कुरो गर्ने गरेको बताए, बारम्बार मधेशबाट जितेर सत्तामा जाने र मन्त्री पद पाए पछि मधेसको मुद्दा बिर्सेर जाने गरेको तथा ती नेताहरु चुनावको बेला विभिन्न किसिमको लोभ लालच र आस्वासन दिने गरेको समेत आरोप लगाए।

मधेस र मधेसीको मुद्दा सधै उठाई राख्ने एक मात्र पार्टी लोसपा नेपाल रहेको दाबी गरेका थिए।

### जीतपुरमा यामाहा....

,जीतपुरसिमरा नगर उद्योग बाणिज्य संघका अध्यक्ष संजय कुमार साह ,महासचिव शिवजी साह सोनार,समाजसेवी अफताब आलम, सुनिल गुप्ता लगायतको सहभागिता रहेको थिए।


**जीतपुरसिमरा उपमहानगर पालिका**

**कार्यपालिकाको कार्यालय**

**जीतपुर बारा**

**लोक कल्याणकारी सूचना**

☐ विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं।

☐ व्यक्तिगत घटना घटेको ३५ दिनभित्र अनिवार्य रुपमा गाउँपालिकामा घटना दर्ता गराऔं।

☐ समयमै कर तिरी सभ्य नागरिकको परिचय दिऔं।

☐ चिसो मौषम सुरु भईसकेको छ। शीतलहर तथा चिसोको कारण हुने असरलाई कम गर्न न्यानो कपडा लगाऔं। धुम्रपान तथा मद्यपान नगरौं। बालबालिका र जेष्ठ नागरिकलाई विशेष हेरचाह गरौं। स्वास्थ्य सम्बन्धि समस्या परे नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।



**बिश्रामपुर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, बाराको**

**लोक कल्याणकारी सूचना**

☐ चिसो मौषम सुरु भईसकेको छ। शीतलहर तथा चिसोको कारण हुने असरलाई कम गर्न न्यानो कपडा लगाऔं। धुम्रपान तथा मद्यपान नगरौं। बालबालिका र जेष्ठ नागरिकलाई विशेष हेरचाह गरौं। स्वास्थ्य सम्बन्धि समस्या परे नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

☐ खानेपानीका मुहानहरु सदैब सफा राखौं।

☐ जथाभावि फोहोर नफालौं।

☐ गाउँको विकास निर्माणमा सहभागि बनौं।

☐ गाउँको विकास निर्माणमा सहभागि बनौं।



**सुवर्ण गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, बाराको**

**लोक कल्याणकारी सूचना**

-गाउँपालिकामा बुझाउनुपर्ने कर तथा शुल्क समयमै बुझाई गाउँको विकासमा सहभागि बनौं।

- घरपालुवा चौपायहरु छाडा नछाडौं।

-जेष्ठ नागरिकलाई उचित स्यहार सुसार सहित सम्मान गरौं।



वन विनास, अतिक्रमण एवं वन्यजन्तुको चोरी शिकारी गर्नु दण्डनीय अपराध हो। तसर्थ यस्ता कार्यहरु नगरौं नगराऔं। वन क्षेत्रको संरक्षणमा जुटौं, हामी पनि बाचौं र वन्यजन्तुलाई पनि बाँच्ने अवसर प्रदान गरी असल नागरिकको दायित्व पुरा गरौं।

**डिभिजन वन अधिकृत**

**डिभिजन वन कार्यालय**

**चन्द्रपुर, रौतहट**



**प्रसौनी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, बाराको**

**लोक कल्याणकारी सूचना**

☐ चिसो मौषम सुरु भईसकेको छ। शीतलहर तथा चिसोको कारण हुने असरलाई कम गर्न न्यानो कपडा लगाऔं। धुम्रपान तथा मद्यपान नगरौं। बालबालिका र जेष्ठ नागरिकलाई विशेष हेरचाह गरौं। स्वास्थ्य सम्बन्धि समस्या परे नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

☐ खानेपानीका मुहानहरु सदैब सफा राखौं।

☐ जथाभावि फोहोर नफालौं।

☐ कुनै पनि व्यवसाय नगरपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चात मात्र सञ्चालन गरौं।



**बारागढी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, बाराको**

**लोक कल्याणकारी सूचना**

☐ वर्षायाममा बाढीको सम्भावना हुने भएकाले त्यसबाट हुने क्षतिबारे सर्तक बनौं।

☐ खानेपानीका मुहानहरु सदैब सफा राखौं।

☐ जथाभावि फोहोर नफालौं।

☐ गाउँको विकास निर्माणमा सहभागि बनौं।

☐ विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्यको संरक्षण गरौं।



**कलैया उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, बाराको**

**लोक कल्याणकारी सूचना**

◣ सवारी साधनहरु उचित स्थानमा मात्र पार्किङ्ग गरि ट्राफिक व्यवस्थापनमा सहजीकरण गरौं।

◣ नगरपालिकाले तोकेको मापदण्ड बामोजिम भूकम्प प्रतिरोधि घर निर्माण तथा प्लोटिङ गरौं।

◣ नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा प्लोटिङ गरौं।

◣ कुनै पनि व्यवसाय नगरपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चात मात्र सञ्चालन गरौं।

Remove Watermark Wondershare PDFelement


# पचरौता नगरपालिका

## कार्यपालिकाको कार्यालय बाराको

### लोक कल्याणकारी सूचना

- ☐ सफासंग हात धोएर खाना खाने गरौं ।
- ☐ चर्पीमा मात्र दिसा पिसाब गरौं ।
- ☐ खानेपानीका मुहानहरु सदैब सफा राखौं ।
- ☐ जथाभावि फोहोर नफालौं ।
- ☐ शुद्ध र सफा पानीपिउँ, स्वास्थ्य जीवन जिउँ ।
- ☐ चर्पीमा मात्र दिसा गरौं ।

# सिम्रौनगढ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिम्रौनगढ, बारा

### लोक कल्याणकारी सूचना

यस नगरपालिकामा अवस्थित सिम्रौनगढ क्षेत्रका धार्मिक पर्यटकीय रानीबास, कंकालीमाईसहित एतिहासिक पर्यटकीय स्थलहरु झरोखर पोखरी लगायत क्षेत्रको भ्रमण गरि पर्यटन प्रवर्द्धन गरौं ।

- ☐ एतिहासिक धरोहरका रुपमा रहेका राष्ट्रिय सम्पदताहरुको जर्गेना तथा संरक्षण गरौं ।
- ☐ खानेपानीका मुहानहरु सदैब सफा राखौं ।

# करैयामाई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, करैया बाराको

### लोक कल्याणकारी सूचना

- ☐ सफासंग हात धोएर खाना खाने गरौं ।
- ☐ चर्पीमा मात्र दिसा पिसाब गरौं ।
- ☐ खानेपानीका मुहानहरु सदैब सफा राखौं ।
- ☐ जथाभावि फोहोर नफालौं ।
- ☐ शुद्ध र सफा पानीपिउँ, स्वास्थ्य जीवन जिउँ ।
- ☐ चर्पीमा मात्र दिसा गरौं ।
- ☐ झाडा पखला जस्ता रोग लागेमा नजिक रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं ।

# परवानीपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, बाराको

### लोक कल्याणकारी सूचना

- ☐ खानेपानीका मुहानहरु सदैब सफा राखौं ।
- ☐ जथाभावि फोहोर नफालौं ।
- ☐ गाउँको विकास निर्माणमा सहभागि बनौं ।
- ☐ विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्यको संरक्षण गरौं ।
- ☐ घरपालुवा चौपायहरु छाडा नछाडौं ।


## लोसपा नेपालको .......

असन्तुष्टि भएर जिल्ला समेलन भएको थिए ।

प्रमुख अतिथिको आसन बाट डा. अंसारीले सबैको मन भित्र रहेको संकाको समाधान गर्दै पार्टीमा कुनै विवाद नरहेको भन्दै धारणा राखे ।

जिल्लाको समिति बनेकोमा डा अंसारीले आफ्नो धारणा राख्दै पार्टी लाई आफुले सके जति साहयोग गरि अगाडी बढाउँन अपिल समेत गरे ।

तपाईहरुको माग अनुसार पार्टी लाई हिड्नु गर्नु पर्छ किन कि तपाई हरुको लगानी पार्टी निर्माण भए देखि नै अतुल्य रहेको छ ।

तपाईहरुको माग पुरा नभएमा केन्द्रिय अध्यक्षले समाधान गर्ने भनी आफ्नो धारणा राखेका थिए । हालको अध्यक्ष नवल किशोर सिंहले बनाएको समितिमा त्रुटी भएको हुनसक्छ तर त्यस लाई सच्याउन पनि सकिन्छ, त्यसकारण तपाईहरुकोचाहाना अनुसार क(कसको नाम कसरी कुन पदमा हुनु पर्छ त्यो सबैको एउटा लिस्ट तयार गरि पार्टी कार्यालयमा बुझाउन आग्रह गरेका थिए ।

पुर्व जिल्ला अध्यक्ष संतोष पटेलको अध्यक्षता तथा जैसी यादव, तुफानी बाबाको विशिष्ट आतिथ्यतामा कार्यक्रम गरिएको थियो । कार्यक्रममा जिल्लाका युवा नेताहरु ताहिर मन्सुर, अनिल साह, जोगिन्द्र साह, रमेश पटेल, रामदिनेश ठाकुर, राजेश यादव, लगायतको उपस्थिति रहेका थिए भने कार्यक्रम संचालन राजकुमार तुरहाले गरेका थिए ।

## नेकपा एकीकृत.......

पार्टी प्रवेश कार्यक्रमको अध्यक्षता बारा जिल्ला कमिटी सदस्य बैधनाथ साहल गरेका थिए ।

कार्यक्रममा अतिथी मधेस प्रदेश कमिटी सदस्य सुरेश मोदक, पोलिट ब्युरो सदस्य दिनेश राई, बारा जिल्ला सचिव बिक्रम ठाकुर, सहसचिव धुर्ब यादव, जिल्ला कमिटी सदस्य अरुण खनाल, श्रीप्रसाद पासवानल, राम यादव, हरिओम साह, बिरेन्द्र साह, गौरिशंकर यादव (टिमल) लगायतका उपस्थिति रहेका थिए ।

पोलिट ब्युरो सदस्य राईले कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल आमाका सन्तान हौं हामी देशको अस्तित्वमा आच आउने कार्यमा एकीकृत समाजवादी पार्टी कुनै हालतमा सम्झौता गर्दैन आज एमसिसि देशको स्वामित्व माथी प्रहार हो त्यो सदन बाट पास नहुने ठोकुवा गर्दछु केन्द्रिय आफनो मन्तव्य राखे भने प्रचार प्रसार बिभाग बारा प्रमुख रमेश सुबेदिले जानकारी गराए ।

अहिले देशमा एकीकृत समाजवादीको लहर चलेको र आफनो कार्यलाई निरन्तरता दिनु नै हाम्रो प्रमुख कार्य रहेको बारा जिल्ला सहइन्चार्ज तथा बिशिस्ट अतिथि श्रीप्रसाद पासवानले आफनो धारणा राखे ।

भने पार्टी प्रवेश गर्नेमा नेकपा एमाले परित्याग गरि कलैया:–४ का रामबाबु गोसाइ, उमेश चन्द्र गुप्ता, मुकेश चन्द्र गुप्ता, कोमल गोसाइ, कृष्ण गुप्ता, रमेश गोसाइ, मुरारी गुप्ता, मनोज साह, भरत अग्रवाल , हङकारी देवि मन्डल, प्रभु साह, प्रगासी सहनी, रामबिनय साह गरि १४ जना पार्टी प्रबेश गरेका थिए ।

कार्यक्रम संचालन अरुण खनालले गरेका थिए ।

पछिल्लो समय विभिन्न राजनीतिक दलहरुका साथै विभिन्न संघ संस्था, संगठनहरुले एमसीसीको विरोधमा प्रदर्शन गर्दै आए पनि सरकारले संसदबाट एमसिसि सम्बन्धि व्यख्यात्मक घोषण गरि पास गरेको छ ।





# फेटा गाउँपालिका

## गाउँ कार्यपालिकाको क

### लोक कल्याणकारी सूचना

- ☐ खानेपानीका मुहानहरु सदैब सफा राखौं ।
- ☐ जथाभावि फोहोर नफालौं ।
- ☐ शुद्ध र सफा पानीपिउँ, स्वास्थ्य जीवन जिउँ ।
- ☐ घरपालुवा चौपायाहरु छाडा नछाडौं ।
- ☐ वर्षायाममा बाढीको सम्भावना हुने भएकाले त्यसबाट हुने क्षतिबारे सर्तक बनौं ।
- ☐ जेष्ठ नागरिकलाई उचित स्यहार सुसार सहित सम्मान गरौं ।




वन विनास, अतिक्रमण एवं वन्यजन्तुको चोरी शिकारी गर्नु दण्डनीय अपराध हो । तसर्थ यस्ता कार्यहरु नगरौं नगराऔं । वन क्षेत्रको संरक्षणमा जुटौं, हामी पनि बाचौं र वन्यजन्तुलाई पनि बाँच्ने अवसर प्रदान गरी असल नागरिकको दायित्व पुरा गरौं ।

**डिभिजन वन अधिकृत**

**डिभिजन वन कार्यालय**

**सिमरा, बारा**

वन विनास, अतिक्रमण एवं वन्यजन्तुको चोरी शिकारी गर्नु दण्डनीय अपराध हो । तसर्थ यस्ता कार्यहरु नगरौं नगराऔं । वन क्षेत्रको संरक्षणमा जुटौं, हामी पनि बाचौं र वन्यजन्तुलाई पनि बाँच्ने अवसर प्रदान गरी असल नागरिकको दायित्व पुरा गरौं ।

**डिभिजन वन अधिकृत**

**डिभिजन वन कार्यालय**

**चद्रपुर, रौतहट**

जेष्ठ नागरिकहरुलाई उचित स्यहार सुसार सहित सम्मान गरौं । –परवानीपुर गाउँपालिका, बारा

वन जोगाउ, हरीयाली बढाऔं । बन संरक्षणमा सहभागि बनौं । वन अतिकमण रोक्न एक जुट हौं ।–डिभिजन वन कार्यालय,,सिमरा, प्रदेश २ (बारा)

Remove Watermark Wondershare PDFelement

## विद्यार्थीलाई एसईईको ....

ल्याउँछन् भन्ने पनि छैन । विद्यार्थीहरूमा महामारीको फोबिया धेरै छ, उनीहरू बल्ल तग्रिन खोजिरहेकान् छन्। अनि यस्तो बेलामा एसईईको झोला बोकाएर 'हिंडे हिँड नभए कुट्छु' भन्नु समय सान्दर्भिक हुँदैन। यस्तो प्रवृत्तिले बाल मस्तिष्कमा नकारात्मक प्रभाव पार्न सक्छ। मलाई त कस्तो लाग्छ भने कम्तीमा पनि यो वर्षसम्मका विद्यार्थीलाई सरकारले आन्तरिक मूल्याङ्कनकै आधारमा एसईई परीक्षाको नतिजा दिलाउनुपर्छ। अहिले एसईईको जाँच दिन लागेका विद्यार्थीलाई कुनै हालतमा टर्चर दिनु हुँदैन । लामो समय कोभिडको 'ह्याङओभर'मा रहेका विद्यार्थीलाई फेरि जाँचको भूत देखाउनु उपयुक्त होइन । सम्बन्धित निकायले बेलैमा यसका बारेमा सोच्नुपर्छ ।

हुन त यसबीचमा धेरै विद्यालयले अनलाइन कक्षा सञ्चालन गरे । तर त्यो कति प्रभावकारी भयो भन्ने त अहिले देखिँदै आएको छ। अनलाइनले विद्यार्थीलाई मोनोटोनस बनाएको छ, घरमै बसेर पढ्ने बानीले शारीरिक व्यायाम नहुँदा विद्यार्थीहरू भद्दा भएका छन् । शिक्षकले भनेको भन्दा प्रविधिमा देखेका र भेटेका कुरामा अहिलेका विद्यार्थीहरू भरपर्दा अवस्था कस्तो आउँछ, सोचनीय विषय बन्ने गरेको छ। लामो समय अनलाइनकै भरपर्दा कतिपय अभिभावकले आफ्ना नानीलाई रायसल्लाह दिन सके पनि होलनन् तर धेरैको अवस्था फरक छ । शिक्षकले भौतिक उपस्थिति देखाउँदै पढाउँदा त कति धेरै समस्याहरू आउँथे भने अहिले त पढ अनलाइन, नपढ अनलाइन भनेजस्तो भयो । अनलाइनको भूतले पनि विद्यार्थीलाई निरश बनाएको छ । अहिलेको समस्याले समस्त विद्यार्थीलाई 'आइसबर्ग' जस्तो बनाएको छ । आइसबर्गमा मात्रै माथिको टुप्पो हेरिन्छ तर तल त्यसले कति धेरै ठाउँ लिएको हुन्छ भन्ने कुरामा कसैको ध्यान गएको हुँदैन। अहिले पनि सरकारले विद्यार्थीलाई एकतर्फीरूपमा मात्रै हेरेको अवस्था छ। वर्ष दिनभरि पढाउनुपर्ने कोर्स दुई महिनामा सिध्याऊ भन्ने, अनि परीक्षाका लागि आफ्ना विद्यार्थीलाई तयारी हालतमा बस भन्ने पक्कै पनि न्यायसङ्गत कुरा होइन। अनलाइनले त विद्यार्थीलाई एउटा कोठाभित्र मात्रै सीमित बनाइदिएको छ। सामाजिक रूपमा पनि हाम्रा विद्यार्थीहरू कमजोर भएका छन्। तसर्थ अहिलेको समस्यालाई सबै मिलेर हल गर्नुपर्छ ।

विद्यार्थीलाई एसईईको भूत देखाउनेभन्दा पनि अब यसै वर्षबाट यो परीक्षा प्रणालीलाई खारेज गर्न सके त्यसले पक्कै पनि भोलिका दिनमा सरकारले सोचेजस्तो उच्च शिक्षाका लागि हाम्रा विद्यार्थीहरू तयार हुन्थे कि ?

*–रातोपाटी डटकमबाट*




## एमसीसी विरोध ....

मशाल जुलुस प्रदर्शन निजगढ बजार परिक्रमा गरी पुनः शहिद चोकमा आएर कोण सभामा परिणत भएको थियो ।

प्रदर्शनकारीहरूले अमेरिकन परियोजना एमसीसी राष्ट्रघाती रहेको भन्दै "एमसीसी चाहिंदैन, देश बेच्न पाइदैन", गणतन्त्र मुर्दाबाद राजतन्त्र जिन्दाबाद, राजा ल्याऊ देश बचाऊ भन्दै नाराबाजी गरेका थिए ।

राप्रपाले यथास्थितिमा एमसीसी पारित हुन नसक्ने अडान लिदै आएको छ ।

उनीहरुले एमसीसी खारेज गर्न माग गरेका छन् ।

एमसीसी नेपालको हितमा नभएको भन्दै राप्रपाले प्रदर्शन गरेको हो ।

शहिद चोक परिक्रमा गरि कोण सभामा परिणत भएको उक्त जुलुसलाई राप्रपा निजगढ नगर कमिटीका अध्यक्ष खड्ग प्रसाद उप्रतीले सम्बोधन गरेका छन् ।

सम्बोधनमा अध्यक्ष उप्रतीले एमसीसी सम्झौता राष्ट्रिय हितमा नरहेकाले स्वीकार्न नहुने बताए।

उनले सम्झौता पारित गर्न अमेरिकाले नेपाली नेताहरुलाई धम्की दिए पनि अमेरिकी स्वार्थ पूरा गर्न नेपाली जनता तयार नभएको बताए।

पछिल्लो समय विभिन्न राजनीतिक दलहरुका साथै विभिन्न संघ संस्था, संगठनहरुले एमसीसीको विरोधमा प्रदर्शन गर्दै आए पनि सरकारले संसदबाट एमसिसि सम्बन्धि व्यख्यात्मक घोषण गरि पास गरेको छ ।

## ग्राहकको मन जित्दै....

बताइएको छ ।

बाइक खरिद गरिसकेपछि आफ्नै शोरुमको सर्भिस सेन्टरमा ६ वटा सम्म सर्भिस निःशुल्क प्रदान गर्नेछ ।

शोरुमका संचालक राजभण्डारीले हालसम्म यस शोरुमले १००० भन्दा माथि ग्राहकको मन जित्न सफल भइ ग्राहकहरुलाई खुसी गराउदै आएको र फेरि पनि सेवा गर्ने मौका दिनु हुन अनुरोध गर्दै यस अफरको पनि भरपुर फाइदा लिनुहुन अनुरोध गरे ।

त्यसै ट्रेडर्सले फाल्गुण ९ र १० गते ओजना गरेको माइलेस टेष्टिङ्ग कार्यक्रममा ३ जना विजेता घोषित गरेका थिए भने ७५ कि.मी. प्रथम मनिष खड्का, ६८ मि.मी. द्वितिया हरिवंश खतिवडा,६५ कि.मी. ओमबहाद्र दर्लामी तृतिया सहितलाई एक कार्यक्रमगरि विजेताको पुरस्कृत सम्मान हस्तान्तरण गरेका थिए।

## क्रियाशिल साकोस......

प्रधानाध्यापक दिनेश गुरो, संस्थाका संचालक समिति र शेयर सदस्यहरुको उपस्थिति रहेका थियो ।

तालिममा सहभागीलाई प्रमुख अतिथि ठाकुरले प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा वडा अध्यक्ष गोलेले क्रियाशिल बचत तथा ऋण सहकारी संस्थाले सहकारी व्यवस्थापन कार्यक्रम संचालनमा ल्याएकोमा स्वागत योग्य रहेका भन्दै आफु खुशि भएको व्यक्त गरेका थिए।

त्यस्तै वडा अध्यक्ष गोले आफु यस वडामा प्रमुख भएर आए पछि वडावासीको हरेक चुनौमा अर्थिक रुपमाले नभए पनि सामाजिक रुपमा निरन्तर जनताको सुःख दुःखमा सहभागी हुदै आएका बताएका थिए आफु निर्वाचित भएर आए पछि [illegible] जानकारी गराएका थिए ।

जनमानसमा सामाजिक कार्यको एउटा नमुना छोडेको पनि जानकारी गराएको छ ।

सहभागीता सम्पुर्णलाई र संस्थालाई सफलताको लागी शुभ कामना दिएका थिए ।

प्रशिक्षणमा स्थानियको उल्लेख्य सहभागीता रहेको थियो ।

# स्थानीय दलित समुदायलाई प्रतिनिधित्वका लागि अन्तरक्रिया सम्पन्न



**निजगढसमाचार**, कलैया

बारा जिल्लाको कलैयामा स्थानीय तहमा दलित समुदायको प्रतिनिधित्वको लागि जिल्ला स्तरिय एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएकोछ ।

कार्यक्रममा राष्ट्रिय दलित पत्रकार संघका केन्द्रिय सचिव सिकेन्द्र पासवानको अध्यक्षतामा भएको थिए भने नेपाली कांग्रेस पार्टी मधेस प्रदेश कमिटी सदस्य सीता पासवान नेकपा एमाले बारा जिल्ला सचिव अध्यान्नद पाण्डे नेकपा (माओवादी केन्द्र) का युवा नेता मुकेश साह, नेकपा एकीकृत (समाजवादी) का युवा नेता इमरान आलम, नागरिक समाज बारा अध्यक्ष उमेशलाल दास, अधिकारकर्मी किसमती राम, पत्रकार सरोकारवाला लगायतको उपस्थिति रहेका थिए ।

२०७४ सालको स्थानीय निर्वाचनमा दलित समुदायको उपस्थिति कम रहेकाले त्यो उपस्थितिलाई २०७९ को चुनावमा [illegible] मा [illegible] वा अल्पसंख्यक भनेको संविधानमा भएका त्रुटिलाई सच्याउन कार्य गर्न सम्बन्धित निकायमा अवाज बुलन्द रहेको कार्यक्रमका मुख्य प्रशिक्षक बिजय प्रसाद मिश्राले जानकारी गराउदै त्यसका निवारणका लागि राजनीति दल सरोकारवालाले ध्यानदिनु पर्ने बताए ।

अन्तरक्रिया आयोजना दलित सरोकार मञ्च नेपाल कन्चनरुप नगर पालिकाको सहकार्यमा भएका थिए । राष्ट्रिय दलित पत्रकार संघ बारा गरेको कार्यक्रमका संयोजक सुनिल सरवरिया र संचालन किशोरि रामले गरेका थिए ।

सहभागिले विगतको इतिहासलाई कोट्याउनु जरुरी छ स्थानीय चुनावमा अनिवार्य महिला चाहिने यो प्रावधान यतिकै आएको हैन यसले देशव्यापी नै सशस्त्र आन्दोलन नै चलेको उल्लेख गरेका थिए

उनीहरुले नेपालमा २ सय ९३ नगरमा मेयर ५ र उपमेयर ११ जो दुई प्रतिशतबाट पनि कम छ त्यस्तै गाउँपालिका ४ सय ६० मा अध्यक्ष ४ उपाध्यक्ष १४ जो ४ प्रतिशत भन्दा कम रहेकोछ त्यस्तै वडा अध्यक्ष ६ हजार ७ सय ४२ मा निर्वाचित १ सय ९४ जुन तीन प्रतिशत भन्दा कम भएको जनाए

मधेस प्रदेशमा दलितको बाक्लो प्रतिशत भएको प्रदेशमा पनि जनप्रतिनिधिको प्रतिनिधित्व कम भएको बारेमा चिन्ता व्यक्त गरेका थिए।

## प्रि होलि कन्सर्टमा ...

कमल पराजुलिले बताए ।

सोही दिनमा संस्थाले रक्तदान कार्यक्रम समेत आयोजना गरेको छ।

रक्तदान कार्यक्रम बिहान ७ बजेदेखी सुरुहुने बताइएको छ ।

महागढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बरियारपुर
लोक कल्याणकारी सूचना
☐ वर्षायाममा बाढीको सम्भावना हुने भएकाले त्यसबाट हुने क्षतिबारे सर्तक बनौं । नदीतटिय क्षेत्रका नागरिकले सूचना पाउनासाथ सम्बन्धित निकायमा खबर गरौं ।
☐ खानेपानीका मुहानहरु सदैब सफा राखौं ।
☐ जथाभावि फोहोर नफालौं ।
☐ गाउँको विकास निर्माणमा सहभागि बनौं । निर्माण कार्यको संरक्षण गरौं ।
☐ घरपालुवा चौपायहरु छाडा नछाडौं ।

खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, निजगढ ९ बाराको उपभोक्तालाई अनुरोध
● पानी नै जीवनको यसको महत्वलाई बुझी सदुपयोग गरौं । खानेपानीका स्रोतको संरक्षण गरौं ।
● खानेपानी महसुल नियमित रुपमा भुक्तानी गरौं, जरिवाना तथा बक्यौताबाट बचौं ।
● ई–सेवा, आईएमई पे तथा मोवाईल बैंकिङ्गबाट महसुल भुक्तानी गरौं ।
● बाटो तथा अन्य भौतिक संरचना बनाउँदा खानेपानी पाईप क्षति हुनेबारे सचेत बनौं ।
● पानी दुरुपयोग भएको देखिएमा कार्यालयमा जानकारी गराऔं।
●जग्गा प्लोटिङ्ग गर्दा खानेपानी पाईप व्यवसायि आफैले विस्तार गरौं । प्लोटिङ्गमा संस्थाले लगानी नगर्ने जानकारी गराईन्छ ।
*गुनासो तथा जानकारीका लागि ०५३–५४०१४५ मा फोन गरौं ।*

निजगढ नगरपालिका
निजगढ नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, बारा
लोक कल्याणकारी सूचना
☐ विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं।
☐ व्यक्तिगत घटना घटेको ३५ दिनभित्र अनिवार्य रुपमा गाउँपालिकामा घटना दर्ता गराऔं ।
☐ चिसो मौषम सुरु भईसकेको छ। शीतलहर तथा चिसोको कारण हुने असरलाई कम गर्न न्यानो कपडा लगाऔं। धुम्रपान तथा मद्यपान नगरौं।
☐ बालबालिका र जेष्ठ नागरिकलाई विशेष हेरचाह गरौं। स्वास्थ्य सम्बन्धि समस्या परे नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

शुद्ध र सफा पानी पिउँ, स्वास्थ्य जीवन जिउँ।–आदर्शकोतवाल गाउँपालिका चर्पीमा मात्र दिसा गरौं। जथाभावी फोहोर नगरौं।– सुवर्ण गाउँपालिका ,बारा

नगरपालिकाले सञ्चालन गरेका योजनाहरुलाई पारदर्शी जवाफदेही हिसावले सम्पन्न गर्ने कार्यमा सबै गाउँवासी जुटौं।–महागढीमाई नगरपालिका ,बारा

Remove Watermark Wondershare PDFelement

# प्रि होलि कन्सर्टमा गायक प्रमोद खरेल र रचना रिमाल निजगढ आउने




**निजगढसमाचार**, बारा

बाराको निजगढमा युथ अफ निजगढको आयोजनामा हुन गइरहेको ८ औं प्रि होलि कन्सर्टमा राष्ट्रिय गायक प्रमोद खरेल र रचना रिमाल आउने भएका छन्।

निजगढ ८ स्थित निजगढ बैंक्युट एण्ड सेमिनार हलमा फाल्गुन २८ गते शनिबारका दिन कार्यक्रम हुन गइरहेको छ।

कार्यक्रममा स्थानिय कलाकारहरुको पनि प्रस्तुती रहने कार्यक्रमका आयोजक ट्रिमले जानकारी दिए।

प्रत्यक बर्ष मनाउदै आइरहेको प्रि होलि कन्सर्ट् यस बर्ष पनि जोडतोडका साथ मनाइने युथ अफ निजगढका अध्यक्ष प्रकाश काफ्लेले बताएका हुन। कार्यक्रमका लागि आवश्यक सम्पुर्ण तयारी पुरा भएको संस्थाका सचिव

-बाँकी पृष्ठ ७ मा






## सुचना । सुचना ।। सुचना ।।।

उपरोक्त सम्बन्धमा जिल्ला बारा निजगढ नगरपालिका वडा नं. ९ स्थित ठाडोलाईन दादाचोकमा पार्किङ गरि राखेको प्रदेश २-०३-००४ पा ९१३६ नं. च्यासिस नं. MD2AI3EY9KCE8639, इन्जन नं. DK4CKE73427 को २२० सिसि बजाज कम्पनीको पल्सर मोटर साइकल हराई वेपत्ता भएको छ। मोटरसाइकल विभिन्न एरियाहरुमा खोजतलास गर्दा गर्दा समेत नभेटिएकाले देख्नु, भेट्नु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा मेरो सम्पर्क नम्बरमा फोन गरिदिनुभए उचित पुरस्कारको व्यवस्था गरिएको छ।

**नाम: मनिष खड्का**
**ठेगाना: निजगढ नगरपालिका-५**
**सम्पर्क नं: ९८१९२९२५५६**





**हाम्रा सेवाहरु :**

हामी कहाँ विवाह, ब्रतबन्ध, पूजा, पिकनिकका साथै कुनै पनि शुभ कार्यको लागि टेन्ट साथै हाफ तथा फुल क्याटरिङ्को सम्पूर्ण व्यवस्था छ।


## कोभिड संक्रमणबाट सचेत रहौं

- कोरोना संक्रमणको जोखिम कायमै छ।
- यसले कुनैपनि बेला महामारीको रुप लिन सक्दछ।
- तत्काल कोरोना विरुद्धको खोप लिऔं।
- जमघट तथा भीडभाडमा नजाऔं।
- अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड पालना गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**





**बाराको निजगढमा पहिलो पटक २४ सै घण्टा इमरजेन्सी सेवासहित**

**NIJGADH NATIONAL HOSPITAL PVT. LTD.**
**निजगढ नेशनल हस्पिटल प्रा. लि.**



**हामीकहाँ विभिन्न रोगको बरिष्ठ डाक्टरहरुद्वारा उपचार भईरहेको छ**

**निजगढ नेशनल हस्पिटल प्रा.ली.**
निजगढ-८ लायन्सचोक (बारा)
फोनं. :- ०५३-५४०००६

**हाम्रा विशेषताहरु :**

न्यूरो सम्बन्धि सम्पूर्ण रोगको उपचार गरिन्छ। छाती, पेट, मुटु, दम्फ प्रेसर, किड्नी, पथरी, एलर्जी, निमोनिया जण्डिस, हेपाटाइटिस, ग्यास्टिक, अल्सर, हाडजोर्नी, नशा तथा थाइराइड रोग तथा महिलाहरुमा हुने समस्या सेतो पानी बग्ने, तल्लो पेट दुख्ने, ढाड कमर दुख्ने तथा सुरक्षित गर्वपतन पनि गरिन्छ।

**हाम्रा सेवाहरु :**

२४ सै घण्टा डाक्टरको सुविधासहित इमरजेन्सी सेवा दिनुका सथै फार्मेसी सेवा, अत्याधुनिक प्याथोलोजी सेवा, एक्स-रे, भिडियो एक्स-रे, निबुलाइजर सेवा, इ.सी.जि. सेवा, अक्सिजन सेवा तथा माइनर ओटीको सेवा उपलब्ध छ।

**प्रत्येक शनिबार प्रेसर तथा सुगरको निःशुल्क जाँच गरिन्छ।**


'समयमा नै कर तिरौं, नगरको विकासमा सहभागि बनौं, हामीले तिरेको कर हाम्रै लागि हो '-कलैया उपमहानरपालिका कार्यालय, कलैया,बारा

**निजगढसमाचार साप्ताहिक लागि प्रकाशक** : पवित्रा कुमारी चौलागाई, कार्यालयः निजगढ नगरपालिका-८ शहीद चोक, Email-nijgadhsamachar@gmail.com, **सम्पादकः** समिता चौलागाई, **कार्यकारी सम्पादकः** महेश्वर अधिकारी (९८५५०२४७४४), **मुख्य व्यवस्थापक** : उमेश घलान (९८४५६४२४८५) **बजार व्यवस्थापक** : महेन्द्र प्र. सहनी (९७४१७०३१७०), **मल्टिमिडिया** : अंकित गौतम (९८२९२८८२८७) **मुद्रण** : तराई अफसेट प्रेस, सिमरा, बारा